भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎०८३-५४०१५४
E-mail:info@bheriganganmun.gov.np
ito.bherigangamun@gmail.com
Website: bherigangamun.gov.np

प.सं. :- २०७६/०७७
च.नं.: १६१५

मिति: २०७७/०१/३१

**विषय : जानकारी सम्बन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालय
भेरीगंगा नगरपालिका, सुर्खेत ।

कोरोना भाइरस (COVID-19) को संक्रमण रोकथामका लागि विगत २०७६ चैत्र ११ देखि हालसम्म लकडाउनको अवस्था रहेको र लामो समयदेखि देशभरका शिक्षण संस्थाहरु पूर्णरुपमा बन्द भइरहेको वर्तमान परिप्रेक्ष्यमा शैक्षिक सत्र २०७७ को भर्ना र अन्य शैक्षिक गतिविधि सञ्चालन नगर्न नगराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यहि मिति २०७७।१।२२ मा सार्वजनिक रुपमा जानकारी तथा निर्देशन जारी गरिसकेको व्यहोरा सर्वविधितै छ । यसै सन्दर्भमा भेरीगंगा नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले यस लकडाउनको समयावधिमा तपसील बमोजिमका कार्यहरु गर्न, गराउन यसै सूचनामार्फत जानकारी गराइन्छ ।

तपसील

१) शैक्षिक सत्र २०७७ को नयाँ विद्यार्थी भर्ना गर्ने कार्य हाललाई स्थगित गर्ने ।

२) विद्यालय सञ्चालन गरी पठन गर्ने गराउने कार्य हाललाई स्थगित गर्ने ।

३) शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशनको कार्य आन्तरिक ढंगले व्यवस्थापन गरी सुरक्षित साथ विद्यार्थी र तीनका अभिभावकलाई जानकारी दिने र सो नतिजाको विषयगत रुपमा नतिजा विश्लेषाण गर्ने, गराउने ।

४) विद्यालयका प्रअ तथा शिक्षकहरुले शैक्षिक सत्र २०७७ को लागि आवश्यक पर्ने शैक्षणिक योजना निर्माण गर्ने, गराउने ।

५) शिक्षकहरुले आफ्नो पेसागत विकास गर्न स्वाअध्ययन, अनलाइन तालिम आदिजस्ता कार्यलाई निरन्तरता दिने ।

६) शिक्षक, स्वयंसेवक शिक्षक, प्रारम्भिक बाल विकासका सका र कर्मचारीहरुको तलब तथा प्रअ, सका र कर्मचारीको प्रोत्साहन रकमको अलग अलग निकास माग फारम तयार गर्ने ।

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☏०८३-५५०१५५
E-mail:info@bherigangamun.gov.np
ito.bherigangamun@gmail.com
Website: bherigangamun.gov.np


प.सं. :- २०७६/०७७
च.न.ः

७) सामुदायिक विद्यालयहरुले आफ्नो पायक पर्ने विक्रेताबाट पाठ्यपुस्तक खरीद गरी भौतिक दूरीलाई ख्याल गर्दै अति सुरक्षित र संयम भई विद्यार्थीको हातमा पाठ्यपुस्तक निशुल्क रुपमा उपलब्ध गराउने प्रयास गर्ने ।

८) स्थायी शिक्षकहरुको कासमूको सन्दर्भमा शिक्षक सेवा आयोगबाट मिति २०७७।१।३० मा प्रकाशित सूचना अनुसार गर्ने गराउने ।

९) शिक्षा तथा मानव श्रोत विकास केन्द्रले उत्पादन गरेको कक्षा १ देखि १० सम्मको ई -लर्निङ पोर्टल, केन्द्रले यूट्यूबमा राखिएका भर्चुअल सामग्रीहरु तथा सुर्खेत जिल्लामा रहेका विभिन्न एफ एम रेडियोहरुबाट उत्पादन तथा प्रसारण भइरहेका रेडियो शिक्षा कार्यक्रमहरुको सम्बन्धमा विद्यार्थी तथा अभिभावकलाई सूचना प्रबाह गराउने तथा स्वअध्ययनमा लाग्न विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने गराउने सम्बन्धमा सहजिकरण गर्ने ।

१०) सबै विद्यालयहरुले आ आफ्नो विद्यालयको विद्यालयमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली )IEMIS_ आन्तरिक रुपमा अद्यावधिक गर्ने गराउने

धिरेन्द्र प्रसाद शर्मा
उप सचिव (प्रा.)